# के नि:शुल्क COVID-19 खोप लगाउनका लागि मैले ID (परिचयपत्र) देखाउनुपर्छ ?

The Vaccine Real Talk

**सबैले खोप लगाउन सक्नेछन् । तपाईंसँग स्वास्थ बीमा हुन, तपाईं अमेरिकी नागरिक वा बासिन्दा हुन आवश्यक छैन ।** खोप लगाउनका लागि तपाईंलाई सामाजिक सुरक्षा नम्बर आवश्यक पर्दैन तर प्रदायकहरूले त्यसलाई माग्न सक्नेछन् ताकि उनीहरूले खोपका लागि सोधभर्ना गर्न सकून् ।

यदि तपाईंलाई आफ्नो सामाजिक सुरक्षा नम्बर याद छैन वा तपाईंसँग नम्बर छैन भने उनीहरूले मागेको खण्डमा तपाईंले "छैन" मात्र पनि भन्न सक्नुहुन्छ । उनीहरूले तपाईंको कुनै पनि जानकारी अध्यागमन वा कानुन कार्यान्वयन गर्ने निकायलाई प्रदान गर्दैनन् ।

**खोप सबैका लागि नि:शुल्क उपलब्ध हुन्छ ।** यदि तपाईंले बीमा गराउनुभएको छ भने खोप प्रदायकहरूले खोप लगाउनका लागि तपाईंको बीमा कम्पनीलाई तिराउन सक्दछन् तर तपाईंलाई केही पनि तिराउनु हुँदैन वा पछि बिल पठाउनु हुँदैन ।

**तपाईंले आफ्नो नाम भएको कुनै कागजात लिएर आउनुपर्नेछ**(जस्तै फोटो सहितको ID, बिजुली/पानीको बिल वा तपाईं तपाईंनै हो भनेर खुलाउने कसैबाट हस्ताक्षर गरिएको पत्र) ।

तपाईंले प्रयोग गर्न सक्नुहुने तपाईंको नाम रहेको ID (परिचयपत्र) का प्रकारका उदाहरणहरू:




विदेशमा जारी भएको सरकारी ID




स्कुलद्वारा जारी गरिएको ID




I-94




म्याद गुज्रिएको चालक अनुमतिपत्र<br>वा राहदानी




अर्को देशबाट जारी गरिएका चालक<br>सुविधा कार्ड




बिजुली/पानीको बिल




तपाईंको नाम रहेको अन्य कुनै<br>पनि कागजात




सेल्टर ID